दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ४० | बुटवल | २०८१ माघ २१, गते सोमबार | नेपाल संवत ११४५ | Monday Feb. 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


# स्वर्गद्वारी गुठी पीडित मोही किसान आन्दोलित

सरकारले सम्झौता कार्यान्वयन नगरेपछि कृषि औजार, चामल, दाल र सिन्की बोकेर दाङबाट काठमाडौं आएका स्वर्गद्वारी गुठीका मोही किसानले काठमाडौं माइतीघरमा धर्ना थालेका छन् ।



**लुम्बिनी संवाददाता**
*दाङ*

दाङ देउखुरीका स्वर्गद्वारी गुठी पीडित मोही किसानले काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेका छन् । स्वर्गद्वारी गुठी पीडित मोही किसान सङ्घर्ष समितिले आइतबारदेखि काठमाडौंको माइतीघरमा विभिन्न ३ बुँदे माग राख्दै आन्दोलन थालेको हो ।

२०४५ सालदेखि जिल्ला केन्द्रित आन्दोलन गर्दा पनि न्यायपूर्ण मागको सुनुवाइ नभएको भन्दै उनीहरु कृषि औजारसहित काठमाडौं केन्द्रित आन्दोलनमा उत्रिएका छन् ।

मोही किसानले जोतभोग गर्दै आएको जमिन मोहीको नाममा रैतानी हुने कानुनी व्यवस्था गर्न, विशेष प्रकृतिको निजी भनिएको गुठी जग्गाका निस्काशित मोहीको हक पुनर्स्थापित गर्न र किसानले बुझाउनु पर्ने रैतानीबापतको तिरो वडामार्फत् बुझाउने व्यवस्था गरिदिन उनीहरुको माग छ ।

किसानले जोतखन गर्दै आएको जग्गाको स्वामित्व माग गर्दा नदिएपछि बाध्य भएर राज्यको ध्यानाकर्षण गराउनको लागि काठमाडौं केन्द्रित आन्दोलन गरेको संघर्ष समितिका अध्यक्ष प्रभु चौधरीले बताए ।

गत वर्ष २०८० फागुन ७ देखि १ महिना लामो आन्दोलन दाङमा आन्दोलन गरेको थियो । सरकारसँग दुई बुँदे सम्झौता भएको एक वर्ष हुनै लाग्दा पनि सम्झौता कार्यान्वयन नगरिएको उनीहरुको भनाइ छ । पटक-पटक उच्च राजनीतिक शीर्ष नेतृत्व, प्रधानमन्त्री, भूमि व्यवस्था मन्त्री, सरकारका अन्यमन्त्रीहरू, पूर्वप्रधानमन्त्रीहरू र सांसद र सम्बन्धित सरोकारवालाहरू सबैलाई भेटेर गुनासो सुनाएपनि वाचा पूरा नभएको उनीहरुको गुनासो छ ।

स्वर्गद्वारी गुठीको मोही दाङ जिल्लामा १२ मौजा (गाउँ) मा ३ हजार ५ परिवारका करिव १६ हजार जनसंख्या बसोबास छ । कुल १ हजार ५० विघा जमिन गुठीअन्तर्गत छ ।

किसानले खेतीपाती गर्दै बसोबाससमेत गर्दै आएको जग्गाको स्वामित्व भने स्वर्गद्वारी गुठीको नाममा रहेको छ । पीडितहरुसँग भएको मोहीयानी पुर्जा २०६२ चैत १४ गते सर्वोच्च अदालतको संयुक्त इजलासबाट परमादेशसमेत जारी गरी खारेजी गरिएको थियो ।

संघर्ष समितिका सहसचिव प्रवीण दहितले जग्गा जोतखन, स्याहार, संरक्षण र माया गर्ने किसान जग्गाको स्वामित्व नपाउँदा साह्रै अन्यायमा परेकाले बाध्य भएर काठमाडौं आएको बताए ।

'मोही किसानहरूले गत वर्ष फागुन ७ गतेदेखि एक महिना लामो आन्दोलन दाङमै गरेका थियौं, त्यसपछि सरकारसँग गुठी कानुन बनाएर समस्या समाधान गर्ने सहमति भयो, तर एक वर्ष हुनै लाग्दा पनि सम्झौता कार्यान्वयन भएन, पटक-पटक काठमाडौं पनि गयौं तर, उपलब्धि केही भएन त्यसैले जस्तोसुकै चुनौती सहेर पनि आन्दोलन नछोड्ने अठोट बोकेर यसपाली निर्णायक आन्दोलन गर्न काठमाडौंमा गएका हौं ।'-दहितले भने ।

गुठी संस्कृति र गुठी जग्गामा मोही किसानको हकलाई नमिसाउन पनि उनीहरुको माग छ । नेपालको संविधान २०७२ को दफा २९० मा गुठीसम्बन्धी व्यवस्था छ । जसमा गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारको सम्बन्धमा संघीय संसद्ले आवश्यक कानुन बनाउने उल्लेख छ । यही धारामा टेकेर मोही किसानले नयाँ कानुन बनाएर जमिनको पूरा हक दिनुपर्ने माग राख्दै आएका छन् ।

## अवैध सम्बन्ध लुकाउन हत्या, दुई जना पक्राउ



प्यूठान । प्यूठानका ६९ वर्षीय चिन्तामणी उपाध्यायको हत्या आरोपमा पक्राउ परेका दुई जनालाई प्रहरीले सार्वजनिक गरेको छ ।

हत्या आरोपमा पक्राउ परेका गौमुखी गाउँपालिका ५ खालका ५१ वर्षीय लोकबहादुर गिरी र सोही वडाको गोलढुङ्गा बस्ने ५० वर्षीय जेदुकुमारी न्यौपानेलाई जिल्ला प्रहरी कार्यालय प्यूठानले आइतबार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी कार्यालय प्यूठानले घटनामा संलग्न रहेका दुई जना अभियुक्तलाई पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको हो। यहि १८ गते बिहान ८ः३० बजे गौमुखी गाउँपलिका वडा नं. ५ उपल्लो फुर्सेधारा स्थित खुंग - नारिकोट जोड्ने कच्ची भित्री सडक बाटोमा उपाध्यायको शव फेलापछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

उनको टाउको, अनुहार, नाक र मुखमा समेत गहिरो चोट लागेको थियो । सुचना प्राप्त हुनासाथ ५० जनाभन्दा बढी 'अपरेसन खुङ' प्रहरी घटनास्थलमा पुगेको थियो । घटनामा प्रयोग भएको ढुङ्गा र घरेलु हतियार भरुवा बन्दुकको प्रहारबाट हत्या गरेका थिए । साथमा घटनास्थलबाट भरुवा बन्दुकको भाँचिएको बटको ३ थान टुक्रा र घटनास्थलको खुट्टाको छापको नमूना शंकलन गरेको थियो ।

» *बाँकी ३ पेजमा*

## 'पूर्व-पश्चिम रेलमार्ग अघि बढ्छ'

बुटवल । प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणसम्बन्धी परियोजनाबाट सरकार पछाडि नहट्ने भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले प्रतिबद्धता जनाएका छन् ।

विर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा उनले स्रोत व्यस्थापन गरेर चरणचरणमा मुआब्जा वितरण गरी सरकारले रेलमार्गलाई अगाडि बढाउने तयारी गरिरहेको बताए । उनका अनुसार परियोजनाबाट प्रभावितलाई मुआब्जाका लागि स्रोत व्यवस्थापन भइरहेको छ ।

उनले सरकारको 'ड्रिम प्रोजेक्ट'का रूपमा विद्युतीय रेलमार्ग रहेको जनाउँदै यसबाट पछाडि फर्किने कुनै सम्भावना नरहेको पत्रकारहरूलाई जानकारी दिए ।

सरकारले उक्त परियोजनाका लागि झापा, मोरङ र सुनसरीमा पाँच हजार कित्ताभन्दा बढी जग्गा विसं २०७७ जेठ २४ र २७ गते अधिग्रहण गरेको थियो । जग्गाधनीहरूले अधिग्रहण गरिएको जग्गाको मुआब्जा नदिने भए उचित क्षतिपूर्तिसहित फुकुवा गरिदिन सरकारसँग पटकपटक माग गरेका छन् ।

रेलमार्गका लागि सरकारले झापाको दुई हजार चार सय ५७ कित्ता, मोरङको एक हजार छ सय ३८ कित्ता र सुनसरीको एक हजार तीन सय २९ कित्ता जग्गा सम्बन्धित जिल्लाको मालपोत कार्यालयमार्फत् रोक्का राखेको छ ।

## महँगी ५ प्रतिशत बढीले वृद्धि



बुटवल । नेपालमा महँगी ५ प्रतिशतभन्दा धेरै बढेको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार महँगी उक्लिएको देखिएको हो । पुस २०८१ मा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४१ प्रतिशत छ । अघिल्लो वर्ष सोही महिनामा ५.२६ प्रतिशत थियो ।

पुसमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.६७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१९ प्रतिशत छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष मुद्रास्फीति बढेको छ ।

पुस २०८० मा खाद्य तथा पेय पदार्थमा ५.७५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहमा ४.९३ प्रतिशत मुद्रीफीति थियो । पुसमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक २८.५२ प्रतिशत, घिउ तथा तेल १०.६७ प्रतिशत, दाल तथा गेडागुडी ९.४८ र खाद्य तथा खाद्यजन्य पदार्थको ७.२३ प्रतिशतले बढेको छ ।

» *बाँकी ३ पेजमा*

## लुम्बिनी प्रदेश स्थापना दिवस आज मनाइँदै

**लुम्बिनी संवाददाता**
*दाङ*

लुम्बिनी प्रदेश सरकारले प्रदेश स्थापना दिवसलाई उत्सवको रुपमा मनाउँदैछ । आज सोमबार आठौं स्थापना दिवस उत्सवको रुपमा मनाउन थालेको हो ।

प्रदेशसभा सचिवालय परिसरमा मुल समारोहको आयोजना गरिँदैछ । प्रदेश प्रमुखको विशेष उपस्थितिमा हुने मुल समारोह अघि बाजागाजासहितको झाँकी प्रदर्शन, विभिन्न मन्त्रालयहरुका स्टलहरूसमेत राखिने छन् । स्थापना दिवसलाई उत्सवमय बनाउन माघ २२ सम्म प्रदेश मन्त्रालय, सचिवालय, निर्देशनालय र प्रदेशस्थित सबै कार्यालयमा दिपावली गरी मनाउने कार्यक्रम राखिएको छ ।

शितगंगा नगरपालिका, लमही नगरपालिका, शिवराज नगरपालिका, गढवा गाउँपालिका, राप्ती गाउँपालिका, राजपुर गाउँपालिका, सरुमारानी गाउँपालिकाले आ-आफ्नो क्षेत्रभित्रको कला, संस्कृति र भेषभुषासहित झाँकी प्रदर्शन गर्ने कार्यक्रम राखिएको छ । झाँकीहरूको बिचमा प्रतिस्पर्धा गरिने र प्रथम हुनेलाई २० हजार, दोस्रो हुनेलाई १५ हजार, तेस्रो हुनेलाई १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । प्रदेश स्थापना दिवसमा लुम्बिनी प्रदेश सरकारले प्रदेशभर सार्वजनिक विदा समेत दिएको छ । लुम्बिनीले हरेक वर्ष माघ २१ लाई प्रदेशसभा स्थापना दिवस र फागुन ३ लाई सरकार स्थापना दिवसको रुपमा मनाउँदै आएको थियो ।

प्रदेश सरकारले दुई वटा दिवसलाई एकैदिन मनाउनेगरी माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । सोही निर्णयको आधारमा माघ २१ लाई प्रदेश स्थापना दिवसको रुपमा मनाउन थालिएको हो ।

प्रदेश सरकारले सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्रमुख प्राथमिकतामा राखेको दाबी गरेको छ । कृषि, पर्यटन, उद्योग तथा पूर्वाधार विकासलाई समृद्ध लुम्बिनी, आत्म निर्भर प्रदेशको आधार बनाएर अघि बढेको प्रदेश सरकार नागरिकको भरोसा जित्न सफल भएको मुख्यमन्त्री चेतनारायण आचार्यले बताए । शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, सामाजिक सशक्तिकरण तथा सामाजिक सुरक्षालगायतका काममा प्रदेश सरकारले काम गर्दै आएको भनाइ उनको भनाइ छ ।

प्रदेश स्थापना दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश अहिले देखिने, अनुभवगर्न सकिने र नागरिकको दैनिकजीवनसँग जोडिन सफल भएको बताएका छन् । नागरिकको विकासप्रतिको तिब्र आकांक्षा पूरा गर्न, बनेका ऐन नियम तथा कानुनको पूर्ण कार्यान्वयन गर्न, प्रदेशको दिगोपनालगायत साझा सरोकारका मुद्दामा सबैसँग समन्वय र सहकार्यको माध्यमबाट अघि बढ्न चाहेको मुख्यमन्त्रीको भनाइ छ ।

सभामुख तुलाराम घर्तीमगरले संघीय शासन प्रणालीको नयाँ संरचनाको रुपमा रहेको प्रदेशलाई स्थापित गर्न सरकारले शिक्षा, स्वास्थ्य, कृषि, रोजगार लगायतका सुविधा आधारभूत तहमा पराउन जरुरी रहेको बताए ।


प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस

सम्पादकीय

# रित्तिदो पहाडलाई अवसरमा बदल्ने बेला

बसाई सरेर हिंड्दा अहिले मध्यपहाड रित्तिदै गएको छ। गाउँ जाँदा रमाउनेहरु अहिले पहिलेझैं पाउँदैनन्। गाउँमा युवा छैनन्। पैसा कमाएकाहरु छाड्दै जाँदा गाउँमा आम्दानी नहुनेहरु मात्रै बस्न बाध्य छन्। जति बसेका छन्, उनीहरुलाई पनि आफन्त र छिमेकीले छाड्दै जाँदा गाउँ निरश र उराठ लाग्न थालेको छ।

के मध्यपहाडको गाउँमा संभावना नै नभएको हो ? कतिपय गाउँमा खानेपानीको मुहान सुकेर पिउने पानीको चर्को समस्या छ। तर गाउँमा पहिलेभन्दा अहिले विकास पूर्वाधार पुगेको छ। सडक, स्वास्थ्य चौकी, विद्यालय भवनलगायतका पूर्वाधार गाउँमा राम्रो छ। विकासको आधारभूत जग बस्दै जाँदा गाउँमा मान्छे छैनन्। जतिबेला मान्छे थिए, विकास पुगेको थिएन्। अहिले विकास पुगेको छ, मान्छे छैनन्। बढ्दो वैदेशिक रोजगारी र त्यसबाट भएको आम्दानीले गाउँबाट बसाई सर्न बाध्य बनायो। वैदेशिक रोजगारीबाट गरेको आयआर्जनलाई उत्पादनमूलक काममा लगानी गर्नुको साटो तराईमा एउटा घडेरी किन्ने र घर बनाउनमै व्यक्तिको जीवनभरको कमाइ सकिएको छ। छोराछोरीको लालनपालन र शिक्षादिक्षामा पनि चर्को खर्च हुँदा वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी उत्पादनमूलक काममा लगानी हुन सकेन्।

गाउँ बसाईसराइले रित्तिंदै जाँदा बाँझिएका खेतबारीलाई एकीकृत गरी ठूला कृषि फर्म खोल्न सकिन्छ। हरेक पालिकाले पालिकाभित्रको बाँझिएको जग्गाको लगत निकालेर जग्गा एकीकृत गरी कृषि फर्मलाई लिजमा दिने व्यवस्था मिलाउने हो भने गाउँमा लगानी भित्रिन सक्छ। फलफूल, जडीबुटी र अन्य रैथाने उत्पादनका लागि पहाडमा धेरै संभावना छ। जग्गा एकीकृत हुन सक्दा ठूला कृषि फर्मले जग्गा किन्न समेत सक्छन्, त्यस्तो संभावना नभएको अवस्थामा लिजमा दिने व्यवस्था मिलाएर पहाडमा अवसर श्रृजना गर्न सकिन्छ। यातायात सञ्जाल पुगेकोले उत्पादन भएको वस्तुलाई बजार पुऱ्याउन समस्या छैन। स्वदेशदेखि विदेशसम्मको बजारमा नेपाली बस्तुको माग छ।

पाल्पाको रिब्दिकोट गाउँपालिकाबाट यो वर्ष ६ करोडको अकबरे खुर्सानी बजार पुग्यो। बजारको माग धान्न अझैं उत्पादन गर्नुपर्ने छ। यो वर्षको दसैं-तिहारमा बुटवलमा मुस्ताङ र जुम्लाको स्याउले बजार ओगट्यो, जसले भारतीय स्याउलाई केही समय विस्थापित गऱ्यो। मुस्ताङ र जुम्लामा स्याउ फर्म हेरेका यहाँका फलफूल व्यवसायीहरुले आगामी वर्ष नेपाली स्याउले केही महिना भारतीय स्याउको आयात प्रतिस्थापन गर्ने अनुमान लगाइरहेका छन्। रोल्पामा व्यवसायिक टिमुर खेती विस्तार भइरहेको छ। यहाँको टिमुर युरोपेली मुलुकहरुमा माग बढ्न थालेको छ। गुल्मी,पाल्पा, अर्घाखाँचीलगायत मध्यपहाडका विभिन्न जिल्लामा टिमुर खेती प्रशस्तै गर्न सकिने संभावना छ। अब ठूलो परिमाणमा खेतीमा लगानी गर्न व्यवसायीहरु अग्रसर भइरहेका बेला मध्यपहाडमा कृषिको औद्योगिकरणको संभावना प्रचुर छ।

पहाड संभावनाको खानी हो। अहिले भइरहेको बसाईसराइलाई रोक्ने अवसर पनि हो कृषिमा लगानी। ठूला फर्म खुल्ने बित्तिकै पहाडमा रोजगारीको श्रृजना हुन्छ। बसाईसराइले समस्या भयो भनेर निराश हुने नभई समस्यालाई अवसरको रूपमा उपयोग गर्न ढिला नगरौँ।

# राष्ट्रपति ट्रम्पका निर्णयले नेपालजस्ता देशमा पार्ने प्रभाव



अनारसिंह कार्की

*देश छोड्ने जनशक्तिलाई दुई भागमा विभक्त गरेर हेर्नुपर्ने हुन्छ। देशमा सुव्यवस्था कायम हुन नसकेको र सुरक्षाको अवस्थामा पनि अपेक्षित सुधार आउन नसकेकाले नेपालको सम्भ्रान्त परिवार आफ्ना सन्तानको भविष्य सुरक्षित नदेखेर रहे भएको सम्पत्तिसहित सन्तानलाई युरोप र अमेरिका पठाइरहेका छन्। त्यसका निम्ति मुख्य गन्तव्य देश अमेरिका नै थियो। दोस्रो राजनीतिक परिवर्तनपछि राज्यसत्ताले निश्चित दिशा र गति लिन नसकेको अवस्थाले गर्दा अपवादबाहेक राज्यका सबैजसो संयन्त्र र अंगहरूको तीव्र रूपमा अपराधीकरण भएकाले सत्ता र शक्तिमा भएकाहरूले कमाएको सम्पत्तिसहित आफ्ना सन्तानलाई अमेरिकाजस्ता देशमा अनेक बहनामा पठाइरहेका छन्। यसैको देखासिकी गरेर केही मध्यम वर्गले पनि आफ्ना घरखेत बेचेर पढ्ने नाममा होस् वा कुनै पनि बहाना बनाएर अमेरिकाजस्ता देशमा पठाइरहेका छन्। यसरी वैध-अवैध रूपले अमेरिकालगायत युरोप र अस्ट्रेलिया जानेको संख्या ठूलै छ।*



अमेरिकामा डोनाल्ड ट्रम्पले चुनाव जितेपछिका उनका प्रारम्भिक कदमले विश्वमा हलचल ल्याएको छ। उनले चुनावमा गरेको घोषणाअनुसार गैरकानुनी रूपले बसेकाहरूलाई आ-आफ्नो देश फिर्ता गर्ने र सबै प्रकारका अमेरिकी सहायताहरूमा रोक लगाउनुका साथै डीभीजस्ता कार्यक्रमहरूलाई समेत बन्द गरेका छन्। यसले विश्वका धेरै देशहरू प्रभावित भएका छन्। तथापि तेस्रो दुनियाँका देशहरू अझ बढी प्रभावित भएका छन्। विगत केही समयदेखि नेपालीहरूको पनि ठूलै संख्या अमेरिकामा कानुनी र गैरकानुनी दुवै रूपमा बसोबास गरेका छन्। यसले नेपालमा कति, कस्तो र कुन वर्ग बढी प्रभावित हुँदै छ भन्नेमा छलफल र बहस हुन जरुरी छ। पहिलो कुरा त नेपालबाट विदेश पलायन हुने पृष्ठभूमिका सन्दर्भमा पनि उल्लेख हुन त्यत्तिकै जरुरी छ।

नेपालमा केही समयअगाडि दश वर्षसम्म माओवादीले सशस्त्र विद्रोह गरेको थियो। त्यस दशवर्षे सशस्त्र विद्रोहले देशका सबैजसो संरचनालाई तहसनहस मात्रै पारेन, व्यापक असुरक्षाको अवस्था सिर्जना गऱ्यो। सामाजिक सम्बन्ध र सन्तुलनहरू भत्काइए, जसले गर्दा सुरक्षा र जीवनयापनको खोजीमा आफ्नो थातथलो छोडेर व्यापक बसाइसराइ गर्ने अवस्था सिर्जना गऱ्यो। दश वर्षपछि सशस्त्र विद्रोह सम्झौतामा आए पनि समाजको पुनःस्थापनामा खासै सुधार हुन सकेन। त्यससँगसँगै २०७२ सालमा भूकम्पले ठूलै क्षति पुऱ्यायो। साथै सशस्त्र द्वन्द्वपछिको संक्रमणकालका नाममा परिवर्तित राजनीति भ्रष्टाचार र अपराधको दलदलमा भासिँदै गयो। जसले गर्दा किशोरदेखि अधबैँसे जनशक्ति निरन्तर पलायन हुने अवस्था यथावत् भइरहेको छ।

यसरी देश छोड्ने जनशक्तिलाई दुई भागमा विभक्त गरेर हेर्नुपर्ने हुन्छ। देशमा सुव्यवस्था कायम हुन नसकेको र सुरक्षाको अवस्थामा पनि अपेक्षित सुधार आउन नसकेकाले नेपालको सम्भ्रान्त परिवार आफ्ना सन्तानको भविष्य सुरक्षित नदेखेर रहे भएको सम्पत्तिसहित सन्तानलाई युरोप र अमेरिका पठाइरहेका छन्। त्यसका निम्ति मुख्य गन्तव्य देश अमेरिका नै थियो। दोस्रो राजनीतिक परिवर्तनपछि राज्यसत्ताले निश्चित दिशा र गति लिन नसकेको अवस्थाले गर्दा अपवादबाहेक राज्यका सबैजसो संयन्त्र र अंगहरूको तीव्र रूपमा अपराधीकरण भएकाले सत्ता र शक्तिमा भएकाहरूले कमाएको सम्पत्तिसहित आफ्ना सन्तानलाई अमेरिकाजस्ता देशमा अनेक बहनामा पठाइरहेका छन्। यसैको देखासिकी गरेर केही मध्यम वर्गले पनि आफ्ना घरखेत बेचेर पढ्ने नाममा होस् वा कुनै पनि बहाना बनाएर अमेरिकाजस्ता देशमा पठाइरहेका छन्। यसरी वैध-अवैध रूपले अमेरिकालगायत युरोप र अस्ट्रेलिया जानेको संख्या ठूलै छ।

यसरी हाम्राजस्ता देशको राम्रो शिक्षा र तालिम पाएको जनशक्ति मात्रै बाहिरिएको थिएन, साथै तिनलाई पठाउन लाग्ने खर्चदेखि भ्रष्टाचार गरेर कमाएको सम्पत्ति सुरक्षित राख्न पठाएको समेत ठूलै सम्पत्ति पनि बाहिरिएको छ। तिनीहरू सकेसम्म नेपाल नफर्कने उद्देश्यले गएकाले देशले ठूलो क्षति बेहोर्नुपरेको थियो। र, फर्केर आउने आशा पनि थिएन। त्यसरी नै अमेरिका वा युरोपजस्ता देशहरूमा पुगेका नेपालीहरूले आफूलाई अरू नेपालीभन्दा पृथक् र विशिष्ट सम्झन्छन्। अझ मध्यम वर्गका मानिसका सन्तान युरोप, अमेरिकामा छन् भने त तिनको सान नै अलग हुने गर्छ। त्यस्ता मध्यमवर्गीय परिवारका अमेरिका वा युरोपमा भएका सन्तानले बाबुआमालाई बोलाइदिए भने सम्पूर्ण समाजमा तिनको सम्मान निकै बढेको हुन्छ। यसरी आमाबाबुलाई खास गरेर बच्चा जन्मिन लागेको छ भने सुत्केरी र बच्चाको स्याहार सुसार गर्न बोलाउने गर्छन्। सुत्केरी स्याहार्ने र बच्चा हुर्काउने काम सकिएपछि सेलमा राखेका सामान बोकाएर ती भाग्यमानी बाबुआमालाई ह्वील चियरको टिकट काटेर पठाइदिने गर्छन्।

त्यसरी युरोप, अमेरिकामा बसोबास गर्नेहरूले अरू कामका लागि खासै पैसा नपठाए पनि नेपालको राजनीतिमा भने केही खर्च गर्न थालेका छन्। पैसा उठाएर उम्मेदवार खडा गर्ने र आफ्ना बाबुआमा, नरनाता, साथीभाइलाई डर, धाक, धम्की दिएर भोट हाल्न पनि बाध्य पार्न थालेका छन्। उनीहरूका कुरालाई यहाँ भएकाहरूले पनि हार्न सक्तैनन्। त्यसैको उदाहरण हो रवि र स्वर्णिम। डोनाल्ड ट्रम्पले जस्तै अरू युरोप र अस्ट्रेलियाले पनि त्यसै गरेर हाम्राजस्ता देशका नागरिकलाई फिर्ता गरिदिएमा लाभ नै हुन्छ हानि हुँदैन।

यसरी विदेश जानेमा अर्को वर्ग जो ठूलो संख्यामा कामका लागि कतार, साउदी अरब, मलेसिया, कोरियाजस्ता देशहरूमा गएका छन्, तिनीहरूको उद्देश्य पटक्कै त्यहाँ बस्ने छैन। तिनीहरूले गर्दा हाम्रो देश चलेको छ। नेता र प्रशासकहरूले महँगा गाडी र विलासी जीवन बिताउन पाएका छन्। नेपालका ग्रामीण समाजले टेलिभिजन हेर्न पाएको र मोबाइलजस्ता आधुनिक सामान चलाउन पाएको तिनीहरूकै कमाइले हो। तिनले बूढा बाबुआमालाई ताता लुगा लगाइदिएका छन् र छोराछोरीलाई हैसियतअनुसारको शिक्षा पनि दिइरहेका छन्। तिनीहरूको ठूलो संख्या सरकारी स्कुल कलेजमा ५ कक्षादेखि १२ कक्षासम्म पढ्नेको छ। माओवादी सशस्त्र विद्रोहका बेलामा लडाकु बनाउन, सुराकी गर्न वा युद्धमोर्चाहरूमा मानव ढाल बनाउन अपहरणमा परिन्छ भनेर पढाइ छोडेर हिँडेकाहरू र माओवादी लडाकु भएर युद्धमा भाग लिएर हत्या-हिंसामा भाग लिएका र सम्झौतापछि काम सकियो आफैले भाँडो भएर अलपत्र परेकाहरूजस्ता सबैको आश्रय थलो भएका छन् ती ठाउँहरू। तिनीहरू नै हुन् पाइला पाइलामा ठगिने र अनेक शोषणमा पर्नेहरू। म्यानपावरहरूले चुस्ने तिनैलाई हो। स्वास्थ्य परीक्षणका नाममा ठगिने पनि तिनै हुन्। गाउँका साहुदेखि श्रम तथा रोजगारमन्त्री र कर्मचारीका कमाइ पनि तिनीहरूबाटै हुने हो। तिनीहरूले आफ्नो रगत पसिनाको कमाइले किनेर ल्याएको एउटा मोबाइलका लागि पनि भन्सारका कर्मचारीलाई खुसी पार्नुपर्ने हुन्छ।

चुनावमा आफ्नो उम्मेदवार खडा गर्ने तिनको हैसियत छैन। तिनीहरू आफ्नो हैसियतअनुसार गाउँघरमा कुनै आफन्तले औषधि उपचार गर्न सकिरहेको छैन भने अथवा कुनै महिला प्रसूति समस्यामा परिन् भने त्यस्ता काममा आफूले सकेको पैसा संकलन गरेर पठाउने गरेको पाइन्छ। गाउँघरका अधिकांश खेतबारी बाँझो भएका अवस्थामा तिनीहरूकै कमाइले मुखमा माड लागेको छ। तिनीहरूले नै झन् समाजमा सम्मान र इज्जत पाउँदैनन्। एउटा प्रचलित र यथार्थ भनाइ यस्तो छ जसले विदेश जानेको स्तर निर्धारण गर्छ। त्यो हो हाम्रो ज्वाइँ साहेब अमेरिकाका होइसिन्छ। हाम्रो ज्वाइँ साहेब अस्ट्रेलियामा गइसेको छ। हाम्रा ज्वाइँ इन्डियामा काम गर्छन्। हाम्रो ज्वाइँ यतै नेपालमै काम गर्दै छ।

जे होस्, यी दुःख पाएका गरिबका छोराहरूले अनेक दुःख कष्ट सहेर देश, परिवारलाई पालिरहेका छन्। तिनैले आफ्नो ज्यानसमेत गुमाएर बाकसमा फर्किनु पनि परिरहेको छ। त्यति मात्रै होइन पारिवारिक जीवन विखण्डित हुनेलगायत पतिपत्नीका सम्बन्धमा पनि अनेक विकृति आएका छन्। तथापि, यिनीहरूबाट मुखमा माड लागिरहेको छ। हुन त यो कुनै पनि समाजको बाध्यताबाहेक कुनै राम्रो र स्थायी समाधान हुँदै होइन। तथापि, हामी त्यही दलदलबाट बाँच्न विवश छौँ। तर, अमेरिका र युरोप गएका ठूलाबडाका सन्तानबाट त हामीले कुनै लाभ होइन, हानि मात्रै बेहोर्नुपरिरहेको छ। तिनीहरूबाट सम्पत्ति मात्रै बाहिरिएको छैन, हाम्रो शिक्षित र सक्षम जनशक्ति पनि बाहिरिएको छ। उनीहरू देशमा फर्किएर आउने सम्भावना पनि छैन। यस्तो अवस्थामा डोनाल्ड ट्रम्पले जस्तै युरोपका अरू देशहरूले पनि तेस्रो देशका नागरिकहरूलाई त्यसैगरी निकालिदिए हाम्राजस्ता देशको हित नै हुनेछ। अझ सहायताका नाममा जुन किसिमको प्रावधान र सर्तहरू थोपर्ने काम ती देशहरूले हामीमाथि गरिरहेका छन्, त्यस्तो सहायता बन्द गरेमा नोक्सान होइन, मुक्ति मिल्नेछ। गैरकानुनी बसोबास गर्नेलाई मात्र होइन, सबैलाई फिर्ता गरे पनि राम्रै हुनेछ।

राजधानीबाट

# नेप्से परिसुचक ७० अंकले बढ्यो



काठमाडौँ। आइतबार सेयर बजार परिसूचक (नेप्से) ७० अंकले बढेको छ। २६६२ बिन्दुबाट सुरु भएको बजार ठुलो अंकले बढ्दा परिसूचक २७२७ बिन्दुमा उक्लिएको हो।

नेप्सेको कारोबार रकम पनि उल्लेख्य रूपमा बढेको छ। ३३० कम्पनीको २ करोड ४८ लाख ४८ हजार कित्ता सेयर खरिदबिक्री हुँदा १२ अर्ब ९५ करोड ५७ लाख रुपैयाँको कारोबार भएको छ।

कारोबार भएकामध्ये २०२ कम्पनीको मूल्य बढ्यो। ७ वटा कम्पनीको मूल्यमा सकारात्मक सर्किट लागेको छ। सामुदायिक लघुवित्तको सेयर मूल्यमा भने नकारात्मक सर्किट लाग्यो।

नेप्सेका सबै उपसमूहको सूचक बढेको छ। यसमध्ये लघुवित्त उपसमूह ४.९२, निर्जीवन बिमा ३.७१, लगानी ३.३८, विकास बैंक ३.१५ प्रतिशतले बढ्यो।

# आज सरस्वती पूजा, विद्याकी देवी सरस्वतीको पूजाआजा गरी मनाइँदै

काठमाडौं। माघ शुक्ल पञ्चमीका दिन मनाइने 'श्रीपञ्चमी' पर्व आज विद्याकी अधिष्ठात्री देवी सरस्वतीको निष्ठापूर्वक पूजा-आराधना गरी मनाइँदैछ।

चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनहरूले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्ने गर्छन्।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन्।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'बसन्त पञ्चमी' पनि भनिन्छ। ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ।



यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ। आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ।

आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ। यस वर्ष भने शुक्र अस्त भएकाले विवाह, व्रतबन्धजस्ता कर्म यस पर्वमा गरिँदैन। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ।

उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्ने गर्छ। सरस्वतीलाई चढाइएको सात गेडा अक्षता निलेमा विद्या र बुद्धि स्फुरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने धार्मिक विश्वास छ। यस अवसरमा हनुमानढोका दरबारमा वसन्त श्रवण गर्ने गरिन्छ।

**अवैध ...**

प्रतिवादी गिरी र न्यौपानेका बिचमा लामो समयदेखी अवैध शारीरिक सम्बन्ध रहँदै आएको जिल्ला प्रहरी निरीक्षक तथा सूचना अधिकारी केशव केसीले जानकारी दिए । उक्त सम्बन्धबारे मृतक उपाध्यायलाई जानकारी रहेकोले रातिको समयमा जङ्गलमा बोलाएर हत्या गरेको अनुसन्धानबाट खुल्न आएको उनको भनाइ छ । दुबै जनाको अवैध सम्बन्धका विषयमा स्थानीयलाई जानकारी रहेको, तर कुनै प्रमाण फेला नपरेकोले गुपचुप रहेका थिए ।

प्रतिवादी न्यौपानेका श्रीमान रोजगारीका लागि भारतमा रहेको र अर्का प्रतिवादी गिरीको भने २ वटा घर भएकाले विभिन्न बहानाबाजीमा प्रायः एकसाथ रहने गरेको प्रहरीले बताएको छ ।

प्रहरीले अनुसन्धानका क्रममा उनीहरुबाट एक थान भरुवा बन्दुक, मोबाइल र नगद ७ हजार रुपैयाँ बरामद गरेको छ ।

**महँगी ...**

त्यस्तै मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३.१२ प्रतिशतले घटेको राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ९.३५ प्रतिशत, मदिराजन्य पेय पदार्थको ७.०१, कपडाजन्य तथा जुत्ताचप्पल ६.७५ र फर्निसिङ तथा घरायसी उपकरणको ५.२९ प्रतिशतले बढेको छ ।

सहरभन्दा ग्रामीण क्षेत्रमा उपभोक्ता मूल्य सूचकांक धेरै देखिएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.६८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.३१ प्रतिशत बढेको छ ।

प्रदेशगत हेर्दा मूल्यवृद्धि सबैभन्दा धेरै कोशीमा छ । पुसमा कोशीको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.७३ प्रतिशत छ ।

यस्तै मधेशको ५.९६ प्रतिशत, बागमती ५.१४, गण्डकी ४.३७, लुम्बिनी ४.८३, कर्णाली ४.६० र सुदूरपश्चिम प्रदेशको ५.६७ प्रतिशत छ ।

काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत, तराई ५.६०, पहाड ५.४१ र हिमालको ५.२७ प्रतिशत छ ।

पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ४.०१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही महिना यस्तो मुद्रास्फीति ३.३६ प्रतिशत थियो ।

पुसमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पूँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमशः ६.९२, २.५५ र ३.१४ प्रतिशत छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति ४.२८ प्रतिशत घटेको छ ।

चालू आर्थिक वर्षको दोस्रो त्रैमासिकमा आइपुग्दा चालू आवमा आयातनिर्यात, रेमिट्यान्स, सरकारको खर्च तथा कर्जा प्रवाहको स्थिति सुधारोन्मुख देखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को ६ महिनामा कुल वस्तु निर्यात ३१.८ प्रतिशतले वृद्धि भई ९८ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.२ प्रतिशतले कमी आएको थियो ।

गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ४६.१ प्रतिशत, १९.७ प्रतिशत र १.० प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा सोयाबिन तेल, चिया, पोलिस्टर यार्न तथा थ्रेड, पार्टिकल बोर्ड, अलैंचीलगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक शिट, अदुवा, तयारी पोशाक, जडीबुटीलगायतका वस्तुको निर्यात घटेको छ । यस्तै यो अवधिमा कुल वस्तु आयात ७.१ प्रतिशतले वृद्धि भई रु.८२२ अर्ब ३७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा ३.१ प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ५.९ प्रतिशत, ८.९ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ ।

वस्तुगत आधारमा कच्चा भटमास तेल, चामल/धान, यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खाने तेललगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, सुन, रासायनिक मल, केराउ लगायतका वस्तुको आयात घटेको छ ।

समीक्षा अवधिमा विप्रेषण आप्रवाह ४.१ प्रतिशतले वृद्धि भई ७ खर्ब ६३ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.२ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ८ खर्ब ३२ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ७ खर्ब ९९ अर्ब ५४ करोड थियो।

यस्तै विदेशी विनिमय सञ्चिति पनि बढेको छ । २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १३.५ प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा रु.२३ खर्ब १६ अर्ब ८४ करोड पुगेको हो ।

आर्थिक वर्ष २०८१/८२ को ६ महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.३ महिनाको वस्तु आयात र १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त देखिन्छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को छ महिनामा नेपाल सरकारको कुल खर्च ६ खर्ब ६७ अर्ब ६० करोड छ ।

समीक्षा अवधिमा चालु खर्च ४ खर्ब ५२ अर्ब, पुँजीगत खर्च ५६ अर्ब ९४ करोड र वित्तीय व्यवस्था खर्च १ खर्ब ५८ अर्ब ६६ करोड छ।

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) ५ खर्ब ५९ अर्ब ६१ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व ४ खर्ब ८९ अर्ब ४० करोड र गैरकर राजस्व ७० अर्ब २१ करोड रुपैयाँ परिचालन भएको छ ।

चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा बैंक तथा वित्तीय संस्थाहरुबाट जाने कर्जा प्रवाह बढेको छ । पुस मसान्तसम्म बैंकहरुबाट प्रवाहित कर्जा ५.२ प्रतिशतले बढेको हो ।

समीक्षा अवधिमा समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २ खर्ब ६५ अर्ब ५६ करोडले बढेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १ खर्ब ९२ अर्ब ६४ करोड (४.० प्रतिशत) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ । २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४.२ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३५.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.२ प्रतिशत र ३६.८ प्रतिशत रहेको थियो ।

## काठ लिलाम बिक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१।१०।२१)**

यस विष्णुनगर सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. ०७९।०८० मा उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको साल प्रजातिको गोलिया काठ थान ३४६ को २६६९.९८ क्यू.फिट जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (१) बमोजिम सूचीकृत भइ नियम १२८ (५) बमोजिम अद्यावधिक भएका प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**विष्णुनगर सामुदायिक वन उपभोक्ता समूह**
कावासोती न.पा. ६, नवलपरासी (ब.सु.पू.)
सम्पर्क नं.९८४७०१४७१७, ९८४४७८५६८२

## स्वास्थ्य कार्यालय

### नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) को सूचना

**एच.पि.भि. खोप लगाऔं, पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाऔं ।**

पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको HPV खोप अभियान २०८१ नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गर्ने छात्राहरु र विद्यालय नजाने १०-१४ बर्ष सम्मका किशोरीहरुलाई मिति २०८१ माघ २२ गतेदेखि २८ गतेसम्म कक्षा ६ देखि कक्षा १० सम्म अध्यापन हुने सबै विद्यालयहरुमा HPV खोप सञ्चालन हुँदैछ। आ-आफ्नो नानीहरुलाई विद्यालयमा लगि यो खोप लगाई भविष्यमा हुन सक्ने पाठेघरको मुखको क्यान्सरबाट बचाउन सम्पूर्ण अभिभावकहरुमा हार्दिक अपिल छ। कुनै कारणवश विद्यालयमा खोप लगाउन छुटेमा अभियानको अन्तिम दिन सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट यो सेवा प्राप्त गर्न सकिन्छ । खोप तालिका लगायतका अन्य जानकारीको लागि स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

यस अभियान सफल पार्नका लागि सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, पत्रकार तथा सञ्चारकर्मी, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, विद्यार्थी, सरकारी तथा गैरसरकारी संघ संस्था, नागरिक समाज तथा सरोकारवाला सबैमा आवश्यक सहयोग तथा समन्यवका लागि समेत हार्दिक अनुरोध छ ।

*(खोप निःशुल्क पाईन्छ खोप सुरक्षित हुन्छ र खोपले जीवन रक्षा गर्छ ।)*

## देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

देवदह-४, केरवानी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशन मिति:२०८१/१०/२१**

यस कार्यालयको सूचना नं. MUN/BLD/NCB-२४/०८१/८२ अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रपत्रको आर्थिक प्रस्ताव न्यूनतम मूल्यांकिंत सारभूत रुपमा प्रभावकाग्राही भएकोले सार्वजनिक खरिद ऐन-२०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | शिलबन्दी दरभाउ पत्र/ बोलपत्र दाताको नाम | स्वीकृत कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | MUN/BLD/NCB-२४/०८१/८२ | Baraha Mandir Nirman Devdaha-9, Rupandehi | M/S, M.R. Rakshya Builders, Baglung | ४०,१७,६२८.९९/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# Tansen Municipality

# Office of Municipal Executive

Tansen, Palpa

## Invitation for Online Bids

**Third Date of publication: 2081/10/21(3 Feb, 2025)**

Tansen Municipality Office, Tansen, Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/ W/NCB/ 12/2081-082 | Road Maintenance Works at holangdi-Buspark-Narayansthan-gairagaau to mission hospital, mission Dharmashala to kailashnagar, laharepipal-gaurishankhar-taksarchowk -shiitalpati-jvt School-Basantapur, Gorkhekot -Chilangdi, gairagaau- dhrubaghat, nayapati-saradama.vi, Bastari to thati, Batasedanda-Dhungakhani, gorkhekot-ranimahalchowk.ward no 1,2,3,4,5,6,7 and 8 | 10263891.51 | 3000.00 | 260000 | 2081/11/06 12.00 Pm (18 Feb 2025) |
| TM/PLP/ W/NCB/ 13/2081-082 | PalpaTansen Shreenagar Tourisum Infrastructure Development TansenPalpa | 43,08,929.15 | 3000.00 | 115000 | 2081/11/21 12.00 PM (05March 2025) |

**Chief Administrative Officer**

# Yasodhara Rural Municipality

# Office of The Rural Municipal Executive

Lumbini Province

Baidauli, Kapilvastu

## Invitation for Bids

First Date of Publication: 2025/02/03AD

1. Yasodhara Rural Municipality, Kapilvastu invites electronic bids from eligible bidders for the following Projects under National Competitive Bidding procedures.

| S. N | Contract No | Description of Works | Estimated Amount Excluding Vat and Contingencies | Bid Security Amount | Price of Bid Document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 10/YRM/NCB/ WORKS/081/82 | Gaunpalika Prashasanik Bhawan AgadiRaheko Ko Pokhari Sundarikaran | 1769638.57 | 50000 | 3000 |
| 2 | 07/YRM/NCB/ WORKS/081/82 | Basantpur Swasthya Chauki Adhuro Bhawan Nirman | 1594371.07 | 45000 | 3000 |
| | Deadline for Bid Submission | 2025/03/05, 12hours | | | |
| | Date and Time of Bid Opening | 2025/03/05, 13hours | | | |
| | Account Number for Bid Document Purchase | Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Name of Office: Yasodhara Rural Municipality, Baidauli<br>Name of Account: Ga 1.1 AntarikRajaswaKhata<br>Office Account Number: 02715229661 | | | |
| | Account Number for Bid Security Deposit | Account Name: DharautiKhata<br>Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Account Number: 02715083935 | | | |

1. Eligible Bidders may obtain further information at the office of Yasodhara RuralMunicipality, Kapilvastu or by reaching out to them at Telephone 9857051843 or by dropping a mailatitoyasodharamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
2. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-03-2025 13:00 hoursat the office of Yasodhara Rural Municipality. Bids must be valid for a period of 120 days after bid opening andmust be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amountingas mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**रामपुर महोत्सव तथा व्यापार मेलाः**
पाल्पाको रामपुरमा जारी चौथो रामपुर महोत्सव तथा व्यापार मेला २०८१ मा सामान खरिद गर्दै फर्केका दर्शकको घुइँचो । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको सांगितिक प्रस्तुतिमा रमाउन पनि दर्शकहरुको भीड लाग्ने गरेको छ । *तस्विरः बासुदेव ढकाल*

# प्रदेशस्तरीय नृत्य प्रतियोगिताको उपाधि सुवासलाई

बुटवल । 'नो भोट, नो एसएमस' लागू गरेर मिलन कला केन्द्र बुटवलले आयोजना गरेको प्रदेशस्तरीय एकल नृत्य प्रतियोगिताको उपाधि सुवास बगालेले जितेका छन् ।

तीन महिनासम्म चलेको प्रतियोगिताबाट फाइनलमा पुगेका १८ जना मध्येबाट सुवास प्रथम हुन सफल भएका हुन् । प्रतियोगितामा किरण मगर दोस्रो र विश्वास थापा तेस्रो भएका छन् । प्रदेशका अधिकांश जिल्लाबाट गरी ५ सय जनाले अडिसनमा भाग लिएका थिए ।

उक्त प्रतियोगितामा दर्शकको रोजाईबाट तिलोत्तमा २ जानकीनगरकी बिआंशा सापकोटा उत्कृष्ट बनेकी छन् ।

प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुनले क्रमशः रु ५१ हजार १ सय ११, २१ हजार १ सय ११ र पुरस्कार १५ हजार १ सय ११ नगद र प्रमाणसहित पुरस्कारपाएका आयोजक मिलन कला केन्द्र बुटवलकी अध्यक्ष मिना बुढाथोकीले जानकारी दिइन् । त्यस्तै दर्शकबाट रोजाईमा परेर उत्कृष्ट डान्स गरेकी बिआंशा सापकोटाले रु ५ हजार पुरस्कार प्राप्त गरेकी छन् ।




विजयीलाई कला केन्द्रकी अध्यक्ष मिना बुढाथोकी, डिआइडी लिटिल मास्टर उपाधि विजेता तेरिया फौजा मगर, रक्तिम सांस्कृतिक अभियानका पूर्व अध्यक्ष जीवन शर्मा लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका कार्यक्रम संयोजक दावा शेर्पाले जानकारी दिए ।

उक्त कार्यक्रममा कलाकार, मिलन कला केन्द्रमा आवद्ध सदस्य तथा सहयोगी र प्रायोजक संस्थाहरुलाई सम्मान गरिएको थियो ।

मिलन कला केन्द्रले आउने बैशाखदेखि प्रदेशस्तरीय नाटक (ड्रामा) प्रतियोगिता सञ्चालन गर्ने घोषणा गरेको छ । उक्त प्रतियोगिताका लागि जिल्ला जिल्लामा अडिसन गरिने छ । कला केन्द्रले सामाजिक उत्तरदायित्व अन्गर्तत वृहत निशुल्क स्वास्थ्य शिविर लगायतका काम पनि गर्दै आएको अध्यक्ष मिनाले बताइन् ।

# नौ महिनामा ३१ हजार बढीलाई उपचार सेवा




**गौरीशंकर जयसवाल**
*परासी*

नेपाल नेत्र ज्योति संघ नवलपरासी ३४औंवार्षिक साधारणसभा सम्पन्न भएको छ । आइतबार पाल्हीनन्दन गाउँपालिकास्थित रहेका पाल्ही भगवती मन्दिरको हलमा संघको ३४औंवार्षिक साधारणसभा सम्पन्न भएको हो । नेपाल नेत्र ज्योति संघ नवलपरासीका सभापति देवेन्द्रराज काण्डेलको अध्यक्षयता तथा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारूको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मन्त्री सारुले आँखा अस्पतालले संसार नदेखिने व्यक्तिलाई शाल्यक्रियामार्फत् दृष्टि दिने काम प्रसशनी रहेको बताए ।

प्रदेश सरकारका मतहात रहेका समुदायिक र सरकारी स्वास्थ्य संस्थालाई भौतिक पूर्वाधार र स्तर उन्नति विकास र अभाव रहेको जनशक्तिलाई पूर्ति गर्न प्रदेश सरकार काम गरिहेको बताए । डा.बिनोद निता आँखा अस्पतालले गरिबी जेष्ठ नागरिकलाई जुन किसीमको कार्य र जनतालाई दिइरहेको सेवा प्रसशानीय कार्य गरेको उनले जनाए ।

स्वास्थ्य मन्त्री सारुले आँखा अस्पतालले निमार्ण गर्न लागेको सुबिधा सम्पन्न भवन सघ सरकार र स्थानिय सरकारसँग प्रदेश सरकार समन्वय सहकार्य गरेर भवन निर्माण कार्यमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नेत्र ज्योति संघद्वारा सञ्चालित डा.विनोद निता आँखा अस्पतालले दश वटा निःशुल्क शिविरमा २५ सय ७ जना अप्रेसन र ३१ हजार एक सय ७२ जना बिरामीलाई उपचार गरिएको नेत्र ज्योति संघका सचिव सञ्जय कुमार कर्ण जानकारी दिए । उनको अनुसार दुर्गम क्षेत्रका चार हजार बिरामीलाई निःशुल्क आँखा शिविर सेवा प्रदान गरी ८ सय १९ जना बिरामीहरूको मोतियबिन्दु शल्यक्रिया गरिएको हो । भुजहवा, त्रिवेणी सूर्यपुरा र सुनवल आँखा उपचार केन्द्र सेवा प्रवाह गदै आएको कर्णले बताए ।

०८१/०८२ मा १२ वटा विद्यालयहरूमा दुई हजार ६ सय ३७ जना परीक्षा गरी जसमा १ सय ८२ जना दृष्टिदोष विद्यार्थीलाई निःशुल्क चश्मा वितरण गरिएको संघका सभापति देबेन्द्रराज काण्डेलले जानकारी दिए ।

डा.बिनोद निता आँखा अस्पतालका व्यवस्थापक अजय पाण्डेले सम्पूर्ण रोगको उपचार गरिरहेको दक्ष जनशक्ति रहेको पूर्वाधार र उपकरण इकुमेन्ट नभएको समस्या रहेको बताए । कार्यक्रममा वन तथा वातावरण मन्त्री देवकरण कलवार, जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव, सुनवल नगरपालिका मेयर विमला अर्याल, नेपाल पत्रकार महासंघका अध्यक्ष केशव पराजुली नवलपरासी उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश अग्रहरी पृथ्वी चन्द्र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट नुरूल होदा, डा.विनोद निता कण्डेल आँखा अस्पताल व्यवस्थापन समितिकि अध्यक्ष मञ्जु काण्डेललगायतले शुभकामना व्यक्त गरेका थिए ।

# ४४औं वार्षिकोत्सवमा १२औं दीप गायन तारा हुँदै

बुटवल । बुटवलको सुख्खानगरमा रहेको दीप बोर्डिङ हाइस्कूलको आयोजनामा बाह्रौं जिल्लास्तरीय अन्तर माध्यमिक विद्यालय दीप गायन तारा प्रतियोगिता हुने भएको छ ।

२०३७ फागुन ५ गते स्थापना भएको विद्यालयले आफ्नो ४४औं स्थापना दिवसको अवसर पारेर प्रतियोगिताको १२औं संस्करण आयोजना गरेको विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले बताए ।

विद्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा विद्यालयका प्राचार्य न्यौपानेले पहिलो चरणको प्रतियोगिता माघ २५ गते सुरु भई फागुन ५ गते हुने गरी तय भएको र उक्त प्रतियोगिताको तयारी पूरा भएको बताए । प्रतियोगितामा जिल्लाका ४० बढी विद्यालयबाट विद्यार्थीहरु सहभागी हुने अपेक्षा गरिएको प्राचार्य न्यौपानेले बताए । 'एक विद्यालयबाट एकजना विद्यार्थी मात्रै सहभागी हुने मापदण्ड छ भने दिप बोर्डिङ हाइस्कूलका भने कुनै विद्यार्थी सहभागी हुन पाउने छैनन् ।'- न्यौपानेले भने । न्यौपानेका अनुसार विद्यालयले विगत १३ वर्षदेखि रुपन्देही जिल्लाका विभिन्न विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका विद्यार्थीहरूको गायन प्रतिभाको खोजी गर्ने उद्देश्यले अन्तरमावि जिल्लास्तरीय दीप गायन तारा प्रतियोगिता सञ्चालन गर्दै आइरहेको हो ।



विद्यालयको ४४औं स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको दीप गायनतारा प्रतियोगिता अन्तरगत माघ २५ गते प्रथम चरणको प्रतियोगिता हुनेछ भने दोस्रो चरणको प्रतियोगिता ५ गते हुनेछ ।

पहिलो चरणमा प्रतियोगीले ट्र्याकविना गीत गाउनु पर्नेछ भने यस चरणबाट उत्कृष्ट २० जनालाई दोस्रो चरणका लागि छनौट गरिने कार्यक्रम संयोजक श्याम बस्याललले जानकारी दिए ।

त्यस्तै प्रथम चरणबाट छानिएका उत्कृष्ट २० जनाले ट्र्याकसहित गीत र एउटा राष्ट्रिय गीत गाउनुपर्ने उनले बताए। त्यसबाट उत्कृष्ट प्रस्तुति दिने ५ जनालाई पुरस्कृत गरिने उनले बताए । प्रतियोगितामा प्रथम हुनेले नगद रु ३० हजारका साथ सिल्ड, मेडल तथा द्वितीय हुनेले नगद रु २० हजारका साथ सिल्ड, मेडल र प्रमाण पत्र पाउनेछन् ।

यसैगरी तृतीय हुनेले नगद रु १० हजारका साथ सिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । साथै दुई जनालाई नगद रु २ हजारका साथ सिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्ने कार्यक्रम संयोजक बस्याललले बताए ।

दीप गायन तारा प्रतियोगिताबाट हालसम्म अस्मिता चापागाई, प्रिया भण्डारी, अक्सर अली, जुना गुरुङ, नविन परियार, दीप्सन श्रेष्ठ, वर्षा परियार, सक्सेस पाण्डे र कुशल आचार्य, बिवेक पंगेनी र रिदिमा सिंजाली गरी जम्मा ११ जना विद्यार्थीहरू विजेता भईसकेका छन् ।

दीप बोडिङ हाइ स्कूल २०३७ फागुन ५ गते स्थापना भएको संस्थागत विद्यालय हो । यस विद्यालयले गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीहरूमा अन्तर्निहित क्षमताको प्रस्फुटन गर्दै आइरहेको विद्यालयका अध्यक्ष राजेन्द्रप्रसाद ध्वजुले बताए । विद्यालयले नगर, जिल्ला र राष्ट्रव्यापी कविता लेखन, वक्तृत्वकला, वादविवाद, निबन्धलेखन, हाजिरीजवाफ, चित्रकला, भलिबल, टेबलटेनिस, कराते, कबड्डी लगायत विभिन्न प्रतियोगितामा अब्बल नतिजा ल्याउँदै आइरहेको उनले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com